# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल


फिदिम नगरपालिका नगरपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल

प.सं.: ०७७।०७८
च.नं.

मिति : २०७७।०५।११

<u>प्रेस विज्ञप्ती</u>

सन् २०१९ को अन्त्यदेखि शुरू भएको कोरोना भाइरस कोभिड-१९ को संक्रमण विश्वका प्रायशः सबै मुलुकमा फैलिसकेको छ । नेपालमा पनि दिनानुदिन संक्रमण बढदो क्रममा छ। यस प्रकारका रोगहरूबाट नआत्तिकन सबैले पूर्व सतर्कता अपनाउन र सुरक्षात्मक उपायहरूको अवलम्बन गर्न आवश्यक छ।

प्रदेश नं. १ मा पनि हाल यसको संक्रमण र मृत्युका घटनाहरू समेत बृद्धि भइरहेको छ। यस फिदिम नगरपालिकामा समेत कोभिड १९ बाट हालसम्म १२ जनामा संक्रमण देखिइसकेको स्थिति छ । संक्रमित मध्ये पाँचजना निको भएका छन भने ७ जन आइसोलेसनमा छन। पछिल्लोपटक एकै चोटी ४ जनामा संक्रमण देखिएको छ।

यस अवस्थामा कोभिड १९ को संक्रमण फैलन नदिन र यसको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि पूर्वसतर्कता अपनाउन यस नगरपालिकाभर अत्यावश्यक वस्तु तथा सेवाहरूवाहेक अन्य सेवा मिति २०७७ भाद्र ११ गते राती १२ बजेदेखि एकहप्ताको लागि बन्द गर्ने निर्णय भएको छ। यस निर्णयलाई कार्यान्वयन गरिदिन आम उद्योग व्यवसायी, सवारी धनी र सरोकारवालाहरूमा नगरपालिका हार्दिक अनुरोध गर्दछ।

यसका साथै अत्यावश्यक सेवा सञ्चालन गर्दा समेत स्वास्थ्य र सुरक्षाका लागि तोकिएका मापदण्ड तथा आदेशको पालना गर्न गराउन, आवश्यक काम नपरी र सुरक्षा निकायलाई पूर्व जानकारी नदिइ घर बाहिर ननिस्कन र आवत जावत नगर्न नगराउन सबैमा अनुरोध गर्दछौं।

फिदिम नगरपालिका कार्यालयबाट पनि सो अवधिभर अत्यावश्यक सेवाहरू बाहेक अन्य सेवा प्रवाह नहुने व्यहोरा सम्बन्धित सबैमा अनुरोध गर्दछौं।

आम नागरिकको सुरक्षा हामी सबैको सरोकार हो। आफू पनि सुरक्षित रहौ र अरूलाई पनि सुरक्षित रहन अभिप्रेरित गरौं।

२०७७।५।११

.......................................
ओनाहाङ नेम्बाङ
मेयर

ओनाहाङ्ग नेम्वाङ
मेयर


फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्सः ०२५-५२१००८
ईमेलः phidim.municipality@gmail.com, वेबसाईटःhttp:phidimmun.gov.np